# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## थलारा गाउँपालिका

### बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## थलारा गाउँपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## थलारा गाउँपालिका

बझाङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश

पत्र संख्या: २०७९।८०
च.नं. ५५०

मिति: २०७९।१२।२९

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
थलरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले थलरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.८ करोड ४१ लाख ४७ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ६ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु १ करोड ५७ लाख ६४ हजार र पेश्की रू. ६७ लाख ४७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड ८३ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १३ करोड २४ लाख ७३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## थलरा गाउँपालिका, बझाङ

### १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५७ | १३० | ८४१४७ | ० | ० | ० | ३७ | १३० | ८४१४७ | ९६५ | १५७६४ | ६०६७१ | ० | ० | ७६४३५ | ६७४७ |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| **थलरा गाउँपालिका, बझाङ** | ४८३२६ | ० | ० | ४८३२६ | ० | ८४१४७ | १३२४७३ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : थलारा गाउँपालिका, बझाङ , थलारा गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सिद्ध राज पण्डित | २०७८-१२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रकाश भण्डारी | २०७८-४-१ | |
| लेखा प्रमुख | मनि राम जोशी | २०७७-१२-२७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८४,१४६,९८७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,१५,६९,८५१.५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,७२,५६,००० | **चालु खर्च** | २९,४८,१४,४१२.७८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७९,२३,००० | **पूँजीगत खर्च** | १४,१३,२५,३५२ |
| **राजस्व बाँडफाँट** | ६,५१,२८,८१४.१९ | **वित्तीय/अन्य व्यवस्था** | ८,७४,७४,०८५.३ |
| **आन्तरिक आय** | ३२,१३,१२० | | |
| **अन्य आय** | ८,७९,८७,०९८.११ | | |
| **कुल आय** | ५७,१५,०८,०३२.३ | **कुल खर्च** | ५२,३६,१३,८५०.०८ |
| **बाँकी मौज्दात** | | ६,९४,६४,०३३.७२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, १०५.५ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ९५२ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा रु २०८००।०० राजश्वव र अन्य विल भरपाइ वापत रु ५०००० असुली भइ जम्मा रु ७०८००।०० दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।<br><br>
<table>
<tr><td>सि.नं.</td><td>आय तर्फ</td><td></td><td></td><td>सि.नं.</td><td>व्यय तर्फ</td><td></td><td></td></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>२१५६९८५१।५०</td><td>१</td><td>चालु खर्च</td><td>२९४८१४४१२.७८</td><td>२९४८१४४१२.७८</td></tr>
<tr><td></td><td>संचितकोष</td><td>१६३५२९१४.९३</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>१११७५८२.५</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | डोजर संचान कोष खाता | ३६४९३६ | | | | | |
| | विविध खर्च खाता | ३७७८८४।३२ | | | | | |
| | लैंगिक हिंसा निवारण कोष खाता | १००००० | ० | २ | पूँजीगत खर्च | १४१३२५३५२ | १४१३२५३५२ |
| | धरौटी खर्च खाता | ४३७४११६।२४ | ० | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | ६८३४१९३४.१९ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३२१३१२० | ० | ४ | धरौटी फिर्ता | १५८८३९९.२५ | १५८८३९९.२५ |
| | ख) राजस्व बाँडफाँड | ६५१२८८१४.१९ | ० | ५ | कोष खर्च | ० | |
| | ग) अन्य आय | 0 | ० | क | प्रकोप व्यवस्थापन कोष खाता | ८४९१४०.३ | ८४९१४०.३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | वित्तीय हस्तान्तरण | | ३९७२५६००० | ख | डोजर संचान कोष खाता | २३१२७०.७५ | २३१२७०.७५ |
| | क) वित्तीय समानीकरण अनुदान | ११२५००००० | ० | ग | विविध खर्च खाता | ० | |
| | ख) सशर्त अनुदान | २५९८५६००० | ० | घ | लैंगिक हिंसा निवारण कोष खाता | ० | |
| | ग) समपूरक अनुदान | ० | ० | ङ | कर्मचारी कल्याण कोष खाता | ० | |
| | घ) विशेष अनुदान | २४९००००० | ० | ६ | अन्य विविध खर्च | ० | |
| | | ० | ० | क | सामाजिक सुरक्षा तथा संरक्षण | ८४८३५२७५ | ८४८३५२७५ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | १७९२३०००. | ७ | मौज्दात | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तीय समानीकरण अनुदान | ८०७२००० | ० | | क) नगद मौज्दात | 0 | |
| | ख) सशर्त अनुदान | ३००९००० | ० | | ख) बैंक मौज्दात | | ६९४६४०३३।७२ |
| | ग) समपूरक अनुदान | १८४२००० | ० | | ग) संचित कोष | ६३९६६२२६।६६ | |
| | घ) विशेष अनुदान | ५०००००० | ० | ९ | घ) मर्मत सम्भार कोष । डोजर संचान कोष खाता | ५३११६५.२५ | |
| | ङ) कोभिड विशेष | ० | ० | १० | ङ) विपद व्यवस्थापन | २६८४४२.५ | |
| ५ | विभिन्न कोषतर्फको आय | ० | | ११ | च) कर्मचारी कल्याण कोष | ० | |
| क | प्रकोप व्यवस्थापन कोष खाता | ० | ० | १२ | छ) धरौटी | ३८३२३१४.९९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख | डोजर संचान कोष खाता | ३९७५००। | ३९७५०० | १३ | ज विविध खर्च खाता | ७६५८८४.३२ | |
| ग | विविध खर्च खाता | ३८८०००। | ३८८००० | १४ | झ) लैंगिक हिंसा निवारण कोष खाता | १००००० | |
| घ | लैंगिक हिंसा निवारण कोष खाता | ० | ० | १५ | | | |
| ङ | कर्मचारी कल्याण कोष खाता | ०.०० | ० | | | | |
| | | ०.०० | ० | | | | |
| ६ | | २३६६३२३।११ | २३६६३२३।११ | | | | |
| | धरौंटी आय | | | | | | |
| ७ | अन्य विविध आय | ० | ८४८३५२७५ | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | ८४८३५२७५ | ० | | | | |
| | | ० | ० | | | | |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>०</td><td>०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>५९३०७७८८३।८०</td><td>५९३०७७८८३।८०</td><td></td><td>जम्मा</td><td>५९३०७७८८३।८०</td><td>५९३०७७८८३।८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>जिम्मेवारी फरक जिम्मेवारी फरक परेको — स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु २४३१५१०८।४० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२१५६९८५१।५० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २७४५२५६।०० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु २७४५२५६।००</td><td>२,७४५,२५६</td></tr>
<tr><td>५</td><td></td><td></td><td>संचित कोषमा दाखिला गर्नुपर्ने यस आ व मा रु ११९४५५।०० विभिन्न स्रोतमा कर कट्टी भएको रकम संचित कोषमा दाखिला गर्नुपर्नेमा दाखिला गरेको छैन कर कट्टि वापतको उक्त रकम दाखिला हुनुपर्ने रु ११९४५५।००</td><td>११९,४५५</td></tr>
<tr><td>६</td><td></td><td></td><td>वित्तिय विवरण स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । स्थानीय तहको लेखाङ्कन व्यवस्थापन प्रणाली सुत्र र बैङ्क विचको तादम्यता काय गरेको छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली: आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, २ नियमावली, ६ कार्यविधि ४ निर्देशिका समेत २५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारी** बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कल्पना देवी गौराले २०७८।३।१० गते रु. ५९ करोड ३० लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३ ।१० | |

मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | २९४८१४४१२।७८ | ७८९८४९१७।१३ | ८६५०२४४६।७२ | १२९३२७०४८।९३ | |
| पूँजिगत खर्चतर्फ | १३९३२५३५२।०० | १११५९७०७ | ५१८६३४६६।५० | ७६३०२१७८।५० | |
| जम्मा | | ९०१४४६२४।१३ | १३८३६५९१३.।२२ | २०५६२९२२७.४३ | ४३४१३९७६४।७८ |
| प्रतिशत | | ८।०० | ३७।२२ | ५४।७६ | |

उल्लिखित विवरण अनुसार पहिलो चौमासिकमा ८.०० प्रतिशत, दोस्रो चौमासिकमा ३७.२२ प्रतिशत र तेस्रो चौमासिकमा ५४.७६ प्रतिशत खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने पद्दतिमा सुधार गरी सार्वजनिक खर्च व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनु पर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा )** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक विकास | ७,५३,९९,००० | ६,३३,६८,५४४.७० | १४.५२% |
| | | | पूर्वाधार विकास | ७,०३,२६,००० | ६,५६,३९,४१५ | १५.०५% |
| | | | सामाजिक विकास | २६,३६,६६,२०७.७९ | २२,३७,०७,१२२.१३ | ५१.२९ |
| | | | बातावरण तथा विकास | ० | ० | ० |
| | | | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७२,२५,००० | ५८,१७,०३४ | १.३४% |
| | | | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९,१०,७२,७०७.१४ | ७,७६,०७,६४८.९५ | १७.८०% |
| | | | **जम्मा** | ५०,७६,८८,९१४.९३ | ४३,६१,३९,७६४.७८ | १००% |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५१.२९ प्रतिशत र सबै भन्दा घटी बातावरण तथा विकासमा ० प्रतिशत प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ११ | | | **अबण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिमा भएको निर्णयबाट निम्नानुसारका योजनामा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| १२ | | | **कानून र सञ्चालन स्थितिः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, ७ वटा कार्यविधि, निर्देशिका ४ र १ वटा नर्मस लगायत २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले २५ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको छ । आवश्यक कानूनहरु तर्जुमा गरी कार्यन्वयनमा ल्याउनु पर्दछ । | |

<table>
<tr>
<td>१३</td>
<td></td>
<td></td>
<td>

**कार्य संचालन कार्यविधिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।

<table>
<tr><th>क स</th><th>कार्यक्रमको नाम</th></tr>
<tr><td>१</td><td>अध्यक्ष विशेष कार्याक्रम रु ११ लाख</td></tr>
<tr><td>२</td><td>अध्यक्ष जनता आवास कार्यक्रम रु १० लाख</td></tr>
</table>

</td>
<td></td>
</tr>
<tr>
<td>१४</td>
<td></td>
<td></td>
<td>

**अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गर्नु पर्दछ । तर पालिकाले निम्नानुसार संघीय संचित कोष र प्रदेश संचित कोषमा आर्थिक वर्ष २०७८।७९ मा रू. र असार मसान्त पश्चात रु. फिर्ता गरेको देखियो । निम्नानुसार बाँकी सम्बन्धित संचित फिर्ता गर्नुपर्ने रु

<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th><th>फिर्ता रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>२५९८५६०००</td><td>२३४८५०३०४।९६</td><td>२५००५६९५.०४</td><td>०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>विषेश</td><td>२४९०००००</td><td>११६७२६८१</td><td>१३२२७३१९</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८४७५६०००</td><td>२४६५२२९८५।९६</td><td>३८२३३०१४।०४</td><td>०</td></tr>
</table>

</td>
<td>३८,४०७,८२५</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>३००९०००</td><td>३००८९९६</td><td>४</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>५००००००</td><td>४९९९९७०</td><td>३०</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>१८७२०००</td><td>१६९७२२३</td><td>१७४७७७</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९८८१०००</td><td>९७०६१८९</td><td>१७४८११</td><td></td></tr>
<tr><td></td><td>कूल जम्मा</td><td>२९४६३७०००</td><td>२५६२२९१७४।९६</td><td>३८४०७८२५।०४</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कल्याण कोष- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त कोषमा रु २० लाख ट्रान्सफर गरेको देखिएको छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्वन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>न्यायिक समितिः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको शून्य देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कर्मचारी करार —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १९ जना कर्मचारीहरु करारमा राखी रु. ४४८४५००।०० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च- स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । पालिकाले यस वर्ष मेला चाडपर्वका लागी रु.९०००००।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ३८१८५४४ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २० | | | **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. १३५००००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | शिक्षक दरवन्दी — पालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन। | |
| २२ | | | **विद्यालयगत निकासा खाता** विद्यालयगत निकासा खाताः कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ । | |
| २३ | | | **सामुदायिक विद्यालयको गुणस्तर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २४ | | | **जटिल संरचना निर्माण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन निर्माण कार्य कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।<br><br>काम: वार्ड नं ६ भवन निर्माण — भुक्तानि रकम: १४३७७१३। | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अनन्त रतन सामुदायिक पुस्तकालय भवन निर्माण</td><td>४८००००।</td></tr>
<tr><td>ग्यालेक्सि युवा ल्कब निर्माण</td><td>४८००००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>हेभि ईक्विप्मेन्ट- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले एक्साभेटर मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।
<table>
<tr><td>योजनाको नाम</td><td>उपभोक्ता समिति</td><td>मेशिन</td><td>भुक्तानि रकम</td></tr>
<tr><td>सडिल शाखा सडक निर्माण</td><td>सडिल शाखा सडक निर्माण उ स</td><td>स्काभेटर</td><td>१०४२१३८।</td></tr>
<tr><td>भोराईल मोतिपुर सडक निर्माण</td><td>सडिल शाखा सडक निर्माण उ स</td><td>स्काभेटर</td><td>९५९८८८।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अधुरो योजना -तडि आधारभुत बिद्यालयको भवन निर्माण वापत मु अ कर सहित रु ५७३४८५८। लागत अनुमान रहेकोमा सबै भन्दा कम कबोल गर्ने न्यु कालिका निर्माण सेवासंग मिति२०७८।७।२५ मा रु ४५२४३१५। मा सम्पन्न गर्ने गरि संझौता भएको छ ।संझौता अनुसार उक्त काम २०७९आषाढ २५ गते सम्म सम्पन्न गर्नु पर्ने उल्लेख छ ।निर्माण ब्यावसायिले २०७९ आषाढ २५ गते सम्म रु २३३२९६३। को मात्र काम सम्पन्न गरेको छ ।तोकिएको समयमा काम सम्पन्न भएको छैन ।साथै उक्त कनमको म्याद थप पनि भएको छैन। जसले गर्दा योजना अधुरो रहन जाने सम्भाबना रहेको छ ।बजेट ब्यबस्था गरि निर्माण कार्य पुरा गर्नु पर्दछ ।.</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>बिमा नगरेको -बिमा नगरेको सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ११२(१)मा दश लाख भन्दा बढि मुल्यको निर्माण कार्य गर्दा निर्माण ब्यावसायिले बिमा गराउनु पर्दछ कार्य गर्ने निर्माण ब्याबसायि जागृति मुनाल जे भि ले मु अ कर सहित रु १६८४०४७०। को काम गर्दा गाउ पालिकाको भबन निर्माणको बिमा गराएको छैन।बिमा नगराउदा निर्माण कार्यमा जोखिम रहन सक्दछ। नियममा ब्यबस्था भए बमोजिम बिमा गराउनु पर्दछ</td><td></td></tr>
</table>

<table>
<tr><td>२८</td><td>४४</td><td>२०७८<br>-११-<br>२३</td><td>बढि भुक्तानि- श्री ज्युला. झो.पु.उ.स.लाई झो.पु . निर्माण वापत रु ६८०७३०। भुक्तानि दिएको छ ।उक्त भुक्तानिमा माटो खन्ने काम ४२।१३घ मि रहेको छ । दर बिश्लेषण अनुसार प्रति घ मि माटो खन्नेकामको रु ८६५।२० भुक्तानि दिनु पर्नेमा रु १५७६।६० का दरले भुक्तानि दिएको छ। बढि दरले भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु ।</td><td>६६,४१३</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>नापि र कार्य सम्पन्न पेश -आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि२०७७ को दफा ३९(५) अनुसार लेखा राख्दा बिल भरपाई सहित राख्नु पर्नेउल्लेख छ । पालिकाले देहाय बमोजिम कामको भुक्तानि दिदा नापि किताब बिल रकार्यसम्पन्न प्रतिबेदन बिना भुक्तानि दिएको छ।उक्त कागजातहरु पेश हुनु पर्दछ रु२९३८८१।
<table>
<tr><th>भौ न मिति</th><th>काम</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>३०५।०७९।३।५</td><td>झारखेत सिचाँई कुलो मर्मत</td><td>१४४०००।</td></tr>
<tr><td>३६५।०७९।३।२५</td><td>बडहरि खानेपानि योजना</td><td>१४९८८१।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९३८८१।</td></tr>
</table></td><td>२९३,८८१</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>परामर्श सेवा -सार्बजनि खरिद नियमावलि नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.९८७६२०। खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।
<table>
<tr><th>भौ न मिति</th><th>काम</th><th>भुक्तानि पाउने</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २।०७८।६।९ | त्यादि प्रा बि को डि पि आर | लेभल अप कन्सल्टिङ सर्भिस | ४९४९४०। |
| ३२।०७८।१०।७ | शान्ति मा बि को डि पि आर | मेगा बिल्ड कन्सल्टेन्ट एण्ड कन्सल्टिङ सर्भिस | ४९२६८०। |
| | | जम्मा | ९८७६२०। |

| | | | | |
|---|---|---|---|---|
| ३१ | 129 | २०७९-३-१४ | **बढि भुक्तानि**- माडि कुलो सिचाई निर्माणका लागि १२९।०७९।३।२४ बाट रु १९११४९२। भुक्तानि दिएको छ ।उक्त भुक्तानिमा कुलोमा ढुङ्गा सोलिङ गरेको ६.३ घ मि नापि किताबमा उल्लेख भएकोमा २५.८४ घ मि को प्रति घ मि रु २६३५।२० का दरले भुक्तानि दिएको छ । नापि किताबमा उल्लेख भन्दा बढि परिमाणको भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु ४५८९०। | ४५,८९० |
| ३२ | | | **नपाउने ग्रेड भुक्तानी** - शान्ति मा वि पाराकाटने मा कार्यरत नि मा वि शिक्षक नरवहादुर भण्डारी को शिक्षक तलवी प्रतिवेदनमा प्राविधिक ग्रेड पारित नगरेको अवस्थामा वर्ष भरी नै रु १२०० को दरले २ ग्रेड भुक्तानी गरेकोले चाडवाड समेतको १० क सं कोष थप गरी असुल हुनु पर्ने रु १७०४० | १७,०४० |
| ३३ | | | **स्यानिटरी प्याड व्यवस्थापन**- पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन ई विडिग मार्फत गितास्विनि प्रो मेड प्रा लि संग गो भा न २३४।२०७९।२।२० प्राति गोटा रु ३१।६३ को २३०२४ पिस रु ७२८४७९ मा खरिद गरेको छ । पुन अर्को पटक गो भा न ४३७।२०७९।३।२५ मिति वाट वुद्ध मेड सप्लायर्स कपिलवस्तु २००० पिस रु ८०।८० पैसाको दरले रु १६०००० र सोको भेन्डीग मेसिन ६ थान रु ५३०९७ दरले रु ३६०००० मा मु अ कर समेत कोटेशन मार्फत सोझै खरिद गरेकोमा उक्त सामाग्री विभिन्न सामुदायिक विधालयलाइ वितरण गरेको भर्पाई पेश नभएकोले सो को वितरण भरपाई पेश गर्नुपर्ने रु १२४८४८७<br><br>ख सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ पालिकाको कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । | १,२४८,४८७ |
| ३४ | | | **स्थानिय भत्ता सम्वन्धमा** -भम्रण खर्च नियमावली २०६४ को नियम ११ मा व्यवस्था भए अनुसार सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता,वैठक भत्ता ,तालिम भत्ता ,स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा निम्न भौचर परीक्षण गर्दा भ्रमण अवधिभर स्थानिय भत्ता कट्टा गरेको पाइयन अन्य भौचरको सम्वन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।पालिका वाट निम्न कर्मचारीलाइ दैनिक भ्रमण भत्ता | ५०,१२२ |

उपभोग गरीरहेको अवस्थामा पनि स्थानिय भत्ता भुक्तानि गरेकोले कानूनमा व्यवस्था नभएको सुविधा वापतको उक्त रकम निम्न कर्मचारी वाट असुल हुनुपर्ने रु ५०६६७।००

| गोभौन | कर्मचारीको नाम | मिति र स्थान | भ्रमण खर्च भुक्तानि | कट्टा हुनुपपर्ने स्थानिय भत्ता |
|---|---|---|---|---|
| | पदम वहादुर ओली | ०७८।६।२देखी ६।०७ ,०७८।५।१९ देखि ५।२४ चैनपुर | २००००।०० | ४९४५।०० |
| | हर्क वहादुर थापा | ०७८।४।१७ देखी ०७८।४।२३ ,०७८।५।२० देखी ५।२६ चैनपुर | १५०००।०० | ३२१३।०० |
| | पुस्कल वहादुर खाती | ०७८।४।१२ देखि ०७८।४।१८,०७८।६।३१ देखी ७।६ चैनपुर | १५०००।०० | २६६२।०० |
| | रायभान ओली | ०७८।६।४ देखी ०७८।६।१० ,०७८।५।१८देखी ५।२४ चैनपुर | १५०००।०० | ३२१२।०० |
| | पदम वहादुर जोशी | ०७८।६।१ देखि ०७८।६।७,०७८।६।१९ देखी ०७८।६।२५ चैनपुर | १५०००।०० | ३२१२।०० |
| | प्रकाश भण्डारी | ०७८।७।५।देखी ०७८।७।११,०७८।५।२२ देखी ५।२७ चैनपुर | २००००।०० | ४९४६ |
| | नरेश ओली | ०७८।६।१७ देखि ०७८।६।२२,०७८।५।२७ देखी ०७८।५।३१ चैनपुर | १५०००।०० | ३२१२।०० |

| | | | | |
|---|---|---|---|---|
| | हेमन्त चन्द | ०७८।६।१९ देखी ६।२३ ,०७८।७।३ देखी ०७८।७।९ चैनपुर | १५०००।०० | ३२१२।०० |
| | सुवास वहादुर सिंह | ०७८।७।११ देखी ०७८।७।१७ दिपायल,०७८।६।३१ देखी ०७८।७।६ चैनपुर | १५०००।०० | २६७० |
| | लोकेन्द्र वहादुर धामी | ०७८।७।३ देखी ०७८।७।९,०७८।६।२४ देखि ०७८।६।३० चैनपुर | १५०००।०० | २६७० |
| | संगित रोकाय | ०७८।४।२३ देखि ०७८।४।३० | १००००।०० | २४७३ |
| | वम विष्ट | ०७८।६।१४ देखि ६।२१,०७८।५।२८ देखी ०७८।६।०३ चैनपुर | १५०००।०० | २६७०।८७ |
| | लोकराज कठायत | ०७८।८।१९ देखि ८।२५,०७८।७।१२ देखि ७।१८ चैनपुर | १५०००।०० | ३२१२।०० |
| | डिल्ली राज पाण्डेय | ०७८।९।१ देखी ९।१८ धनगढी | ७५०० | १३३५।०० |
| | मनिराम पाध्या | ०७८।८।२७ देखी ०७८।९।४ चैनपुर | ७५०० | १३३५।०० |
| | सुवास वहादुर सिंह | ०७८।११।१९ देखी ०७८।११।२५,०७८।११।०२ देखी ११।०८ योजना सर्भे | १५०००।०० | २६७०।०० |
| | सिद्धराज पण्डित | ०७८।१२।९ देखी १२।१३ सम्म | १०००० | २४७३।०० |
| | | जम्मा | | ५०६६७।०० |

३५

**पदाधिकारी सुविधा**- स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधाको दर अनुसार गाउँसभा सदस्य ५२ जनाको सुविधा बापत बार्षिक रु. ९२११५००।०० खर्च भएको देखियो ।

